धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४, (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# यूनिभर्सल पावर कम्पनी लिमिटेड

चौथो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।
फोन : ०१-४२५१४६३, ४१०१०९७

## लेखा परीक्षण नभएको आ.ब. २०७६/७७ को प्रथम त्रैमासिक विवरण

१. **वित्तीय विवरण**

क) आ.ब. २०७६/७७ को प्रथम त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

**वित्तीय अवस्थाको विवरण** (रकम रू. मा)

| विवरण | २०७६ असोज मसान्तसम्ममा | २०७६ आषाढ मसान्तसम्ममा |
|---|---|---|
| **सम्पति** | _ | _ |
| **गैह्र चालु सम्पत्ति** | _ | |
| कार्यालय उपकरण | १,३५२,०६८.८८ | ३८०,९०६.८० |
| पूँजीगत कार्य प्रगति | १,९२८,६३४,९०४.०० | १,७६०,३१२,७८५.४८ |
| शेयर लगानी | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | २,०७४,२१७,३७२.८७ | १,९०४,९२४,०९२.२८ |
| **चालु सम्पत्ति** | _ | |
| मुद्दती निक्षेपमा लगानी | ९३०,०००,०००.०० | १,०६२,४००,०००.०० |
| नगद तथा बैंक मौज्दात | ५८,६२९,९६४.४६ | १,५२३,४६८.५९ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | २६२,९६८,२८७.२७ | २११,८२५,५१०.३९ |
| **जम्मा चालु सम्पत्ति** | १,२५१,५९८,२५१.७३ | १,२७५,७४८,९७८.९८ |
| जम्मा सम्पत्ति | ३,३२५,८१५,६२४.६० | ३,१८०,६७३,०७१.२६ |
| **पूँजी तथा दायित्व** | _ | _ |
| **पूँजी तथा जगेडा कोष** | _ | |
| शेयर पूँजी | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ५८,०८६,४१९.५३ | २५,०७८,०२२.२० |
| **जम्मा पूँजी तथा जगेडा कोष** | २,१५८,४३६,४१९.५३ | २,१२५,४२८,०२२.२० |
| **दायित्व** | _ | |
| **गैह्र चालु दायित्व** | | |
| दीर्घकालीन बैंक ऋण | १,०५२,५२४,१९४.७७ | ९२५,०८२,१३३.६३ |
| चालु दायित्व र व्यवस्था | | |
| व्यापारिक र अन्य दायित्व | ८४,१२५,२२९.७२ | ५२,५१४,४१०.७० |
| अल्पकालीन बैंक ऋण | १५,३१२,०००.०० | ६७,६००,०००.०० |
| चालु दायित्व तथा व्यवस्थाहरू | १५,४१७,७८०.५८ | १०,०४८,५०४.७३ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरू** | ११४,८५५,०१०.३० | १३०,१६२,९१५.४३ |
| **जम्मा पूँजी तथा दायित्व** | ३,३२५,८१५,६२४.६० | ३,१८०,६७३,०७१.२६ |

**आय विवरण** (रकम रू. मा)

| विवरण | २०७६ असोज मसान्तसम्ममा | २०७६ आषाढ मसान्तसम्ममा |
|---|---|---|
| **आम्दानी** | _ | |
| विद्युत बिक्रीबापत् आम्दानी | - | - |
| अन्य आम्दानी | २२,४२५,९१०.५४ | ४५,६९६,७१३.८१ |
| **जम्मा आम्दानी** | २२,४२५,९१०.५४ | ४५,६९६,७१३.८१ |
| **खर्च** | | |
| प्रशासनिक खर्च | (१,८६६,६७६.७२) | (७,१८३,९६८.३४) |
| ह्रासकट्टी | (९०,१३७.९३) | (६०,८०९.७२) |
| **जम्मा खर्च** | (१,९५६,८१४.६४) | (७,२४४,७७८.०६) |
| **आयकर अघिको नाफा** | २०,४६९,०९५.९० | ३८,४५१,९३५.७५ |
| चालु वर्षको आयकर व्यवस्था | (५,११७,२७३.९७) | (९,६१२,९८३.९४) |
| आयकर कट्टी पछिको नाफा | १५,३५१,८२१.९२ | २८,८३८,९५१.८१ |
| गत वर्षकोसम्मको नाफा/(नोक्सान) | ४२,४३४,५९७.६१ | १२,६०५,८९०.८९ |
| **आयकर कट्टी पछिको कूल संचित नाफा/(नोक्सान) (वित्तीय अवस्थाको विवरणमा सारेको)** | ५८,०८६,४१९.५३ | ४१,४४४,८४२.७० |

**नोटः** माथि उल्लेखित अंकहरू आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिनेछ । लेखा परीक्षण नभएका अंकहरू लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरू सम्बन्धि विवरण निम्नाअनुसार छन् ।**

| अवधि | प्रतिशेयर आम्दानी रू. | प्रतिशेयर नेटवर्थ रू. | तरलता अनुपात | प्रतिशेयर कूल सम्पतीको मूल्य | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्यसम्ममा | ०.७३ | १०२.७७ | ८.६१ | १५८.३५ | १०६.८५ |

२. **व्यावसायिक विश्लेषण**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारणसम्बन्धी विवरण** : हाल जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा रहेकोले आयोजनाको व्यापारिक उत्पादन सुरू भइनसकेको हुनाले संस्थाको विद्युत बिक्रीबाट आम्दानी रहेको छैन ।

**ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : हाल यस संस्थाले दोलखा जिल्लामा अवस्थित खारे खोलामा निर्माण गरिरहेको ११ मे.वा. को जलविद्युत आयोजनाको निर्माण अन्तिम चरणमा रहेको छ । कम्पनीले माथिल्लो इङ्खु खोला जलविद्युत आयोजनाको अध्ययन गरिरहेको छ । यस कम्पनीले कसुवा खोला जलविद्युत आयोजना (४५ मे.वा.) निर्माण गर्न लगानी गर्ने सम्झौता गरेको छ ।

**ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : नभएको

३. **कानुनी कारवाहीसम्बन्धी विवरण** : यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

४. **संस्थाको शेयर कारोबार सम्बन्धी विवरण** : धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसारः

**क) त्रैमासिक अवधिको शेयर कारोबारसम्बन्धी विवरण**

| | |
|---|---|
| अधिकतम मूल्य रू. | ९२.०० |
| न्यूनतम मूल्य रू. | ७४.०० |
| अन्तिम मूल्य रू. | ७८.०० |
| कारोबार भएको कूल दिन | ६१.०० |
| कारोबार संख्या | १९९४.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा** : यस संस्थाको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला काधरोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

५. **समस्या तथा चुनौती** : आयोजनाको निर्माण कार्य सम्पन्न गर्नुपर्ने शुरूको कार्यक्रमलाई २०७२ सालको महाभूकम्प, त्यस लगतै नेपाल भारत सिमा अवरोध र नेपाल विद्युत प्राधिकरणबाट ट्रान्समिशन लाईनको निर्माणमा भएको ढिलाईले आयोजनाको विद्युत उत्पादन हुने मिति संशोधन हुने क्रममा छ ।

६. **संस्थागत सुशासन** : संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएको छैन ।